# स्थानीय राजपत्र

## फिक्कल गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः ११ मितिः २०७९।०६।०१


## फिक्कल गाउँपालिका सिन्धुलीको विनियोजन ऐन, २०७९

**प्रस्तावनाः**

फिक्कल गाउँपालिका सिन्धुलीको आर्थिक बर्ष ०७९।०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप- धारा (२) बमोजिम फिक्कल गाउँपालिका सिन्धुलीको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** यो ऐनको नाम "फिक्कल गाउँपालिका सिन्धुलीको विनियोजन ऐन, २०७९" रहेको छ ।

२. **आर्थिक बर्ष ०७९।०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक बर्ष ०७९।०८० को निमित्त गाउँ कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त

**अनुसूची** १ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा **रु.५१६४७५००० (अक्षेरुपी एकाउन्न करोड चौसठ्ठी लाख पचहत्तर लाख मात्र** ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोष र अन्य विविधबाट खर्च गर्न सक्नेछन् ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष २०७९।०८० को निमित्त फिक्कल गाउँपालिका सिन्धुलीको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) **उपदफा** (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा अपूग भएमा गाउँ कार्यपालिकाले बचत रहेको शीर्षकबाट नपूग हुने शीर्षकमा रकम रकमान्तर गर्न सक्नेछ । यसरी रकम रकमान्तर एक शीर्षकबाट अर्को शीर्षकमा गर्दा सो शीर्षकमा विनियोजित रकमको २५% (पच्चीस प्रतिशत) मा नबढने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर तथा निकासा र खर्च गर्न सक्नेछ । तर पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा र व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ रकम स्थानान्तरण गर्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भूक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न पाईने छैन ।

तर, चालु तथा पूँजिगत खर्चबाट वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिनेछ ।

(३) **उपदफा** (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५% (पच्चीस प्रतिशत) भन्दा बढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर गर्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूची १

(दफा २ सँग सम्वन्धित)

नेपालको संविधानको धारा २९९ (२) बमोजिम

**सञ्चितकोषबाट विनियोजन हुने रकम**

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तीय व्यवस्था | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | |
| | | गाउँ कार्यपालिका | ३६४०८०००० | १५२३९५००० | | ५१६४७५००० | |
| | | वडा कार्यालय | | | | | – |
| | | विषयगत शाखा | | | | | – |
| | | ऋणको सावाँ व्यज भूक्तानी | | | | | – |
| | | लगानी - शेयर/ऋण | | | | | – |
| | | **जम्मा रु.** | ३६४०८०००० | १५२३९५००० | | ५१६४७५००० | |

आज्ञाले
**शिवहरि दाहाल**
प्रमुख प्रशासकीय अधिकृत

**फिक्कल गाउँपालिका सिन्धुलीको विनियोजन ऐन, २०७९, मूल्य रु. ५।–**